# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)

केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०२।३०

## प्रेस विज्ञप्ति

चितवनस्थित भरतपुर महानगरपालिका-७ मा रहेको लाल्सा रेष्टुरेन्टमा आयोजित पत्रकार सम्मेलनमा सहभागी पत्रकारमाथि आज भएको आक्रमणप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

वेस्ट ब्रेन एजुकेशन भिजा सर्भिसेजले बेलायत लाने आश्वासन दिए पनि नलगेको भन्दै पीडित व्यक्तिहरुले शुक्रबार पत्रकार सम्मेलन गरेका थिए ।

सोही सम्मेलनमा स्थानीय कमला सापकोटा, सागर खरेल र काभ्रेका सविन थापालगायतका व्यक्ति प्रवेश गरी क्यामेरा धकेल्ने, फोटो/भिडियो मेटाउन दबाव दिएको र कुटपिट समेत गरेको महासंघ चितवन शाखाले जनाएको छ । सो क्रममा प्रहरीले अकर्मण्यता देखाएको शाखाको भनाइ छ, जुन दु:खद् छ ।

महासंघ घटनामा संलग्नलाई तत्काल कानुनी दायरामा ल्याउन र आगामी दिनमा यस किसिमका घटना दोहोरिन नदिनेतर्फ कडा कदम चालेर पत्रकारलाई सुरक्षाको प्रत्याभूति दिलाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org